"हाम्रो परिकल्पनाः समृद्ध दिप्रुङ चुइचुम्मा"

# वार्षिक नीति तथा कार्यक्रम

## आ.व.-२०८२/०८३

दिप्रुङ चुइचुम्मा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

याङसोलाटार

कोशी प्रदेश, खोटाङ

२०८२ असार १० गते

# आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम

सम्मानित सभाका सभाध्यक्षज्यू,
गाउँ सभाका सचिव ज्यू,
गाउँ सभाका सदस्यज्यूहरु।

वि.सं. २०७९ बैशाखमा स्थानीय तहको निर्वाचन भई निर्वाचित जनप्रतिनिधिहरुले कार्यभार सम्हालेको पनि ३ बर्ष अवधि पुरा भएको छ।यस अवसरमा दिप्रुङ चुइचुम्मा गाउँपालिकाको यस गरिमामय गाउँसभाको गाउँपालिकाको सत्रौं गाउँसभाको अधिवेशनमा आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई अत्यन्तै हर्षित महसुस गरेको छु । यो अवसर प्रदान गर्ने सम्पूर्ण दिप्रुङ चुइचुम्मा गाउँपालिकाका नागरिकहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । संघ, प्रदेश र स्थानीय तहको वीचमा सहकारिता, समन्वय र सह-अस्तित्वबाट **"समृद्ध नेपाल, सुखी नेपाली"** को आकांक्षा पुरा गर्नु हामी सबैको साझा दायित्व हो।यही आकांक्षालाई आत्मासात गर्दै हामीले पनि **"हाम्रो परिकल्पना, समृद्ध दिप्रुङ चुइचुम्मा"** निर्माणको लक्ष्य हामी निर्वाचित भए पश्चात विगत आर्थिक वर्षदेखि नै अंगिकार गरेका छौं ।

नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र सामाजिक न्याय लगायत रुपान्तरणका लागि भएका विभिन्न आन्दोलनहरुमा अग्रपंक्तिमा रहेर योगदान गर्नुहुने सम्पूर्ण अग्रज वीर पूर्खाहरुप्रति उच्च सम्मान व्यक्त गर्दै यस अभियानमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।साथै वेपत्ता, घाइते तथा अपाङ्गता भई कष्टकर जीवन बिताई रहनु हुने सहयोद्धाहरुसहित विभिन्न आन्दोलनहरुमा नेतृत्व गर्नुहुने सबै प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

आदरणीय सभाध्यक्ष महोदय,

देशले लिएको राजनीतिक, आर्थिक, सामाजिक र भौतिक विकासका लक्ष्यहरुलाई पूरा गर्न नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, चालु सोऔं आवधिक योजना, संघीय सरकारका नीति तथा कार्यक्रम, प्रदेश सरकारका नीति तथा कार्यक्रम, दिगो विकासका लक्ष्यहरु, गाउँपालिकाका आवश्यकताहरु तथा दिप्रुङ चुइचुम्मावासी नागरिकका इच्छा चाहनाहरुलाई समेत यस नीति तथा कार्यक्रममा समावेश गर्ने प्रयास गरेको छु। गत आ.व.२०८१/०८२ को नीति कार्यक्रममा समावेश भएका तर बजेट तथा अन्य कारणले कार्यान्वयन हुन नसकेका हाम्रो दीर्घकालिन लक्ष्यसँग सम्वन्धित नीति कार्यक्रमहरुलाई यस आर्थिक वर्षको नीति तथा कार्यक्रममा निरन्तरता दिएको छु । देशमा उत्पन्न आर्थिक संकटले गत आर्थिक वर्ष भन्दा हाम्रो आवश्यकता र चाहनालाई सम्वोधन गर्न र स्रोत साधनको

विकास र लक्ष्य केन्द्रित कार्यक्रमहरु गर्न सीमित बनाइएको छ । आगामी आ.व.मा जनताले राखेको अपेक्षालाई सम्बोधन हुने गरी आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन, सुशासन तथा संस्थागत विकास, लैंगिक समानता, सामाजिक न्याय र सुशासनको सम्बन्धमा हाम्रो आवश्यकता र क्षमतालाई समेत मध्यनजर गर्दै आगामी आ.व.२०८२/८३ को नीति तथा कार्यक्रम पेश गरेको छु ।

पूर्वाधार विकास हाम्रो पहिलो आवश्यकता भएको कारण घर-घरमा खानेपानी, बाह्रै महिना चल्ने ग्रामीण सडक, माध्यमिक तह सम्म निःशुल्क शिक्षा, गुणस्तरीय एवंम् सर्वसुलभ आधारभुत स्वास्थ्य सेवा, वृहत सिँचाई, विद्युतीकरण, सुरक्षित र उज्यालो बजार लगायत विकासका पूर्वाधार तयार गर्न नै धेरै बजेट खर्च गर्नु पर्ने बाध्यता हामीसँग छ । यसका बावजुद पनि कृषि, पर्यटन, पशुपालन, व्यापार व्यवसाय तथा उद्योग प्रवर्द्धन लगायतका आर्थिक, सामाजिक एवंम् साँस्कृतिक क्षेत्रमा योजनावद्ध ढङ्गले नीतिहरु निर्माण गरी कार्यान्वयन गर्ने लक्ष्य लिएका छौं।

स्थानीय सरकारबाट प्रदान गरिने सेवा नै छिटो र प्रभावकारी हुन्छ भन्ने संघीयताको मूल मर्म अनुरुप नीति, नियम, ऐन कानुन, योजना तथा वजेट तर्जुमा गरी यसको कार्यान्वयन स्थानीय स्तरमै प्रभावकारी ढङ्गले भइरहेका छन् ।यसका बावजुद पनि गाउँपालिकाको समग्र विकासको लागि पालिकास्तरीय गौरवका आयोजनाहरुको सञ्चालन, सम्पन्न भएका योजनाहरुको हस्तान्तरण र संस्थागत विकास तथा लक्षित समुदायको सामाजिक सुरक्षा, स्वरोजगार एवंम् जनजीविकाको सवालमा गर्नुपर्ने कार्यहरु अझै धेरै बाँकी रहेको अनुभूति गरिरहेका छौं ।

गाउँपालिकालाई अझै सबल र समृद्ध बनाउन हामीसँग उपलब्ध भएको सीमित श्रोत साधनको अधिकतम सदुपयोग गरी आ-आफ्नो जिम्मेवारी कुशलतापुर्वक निर्वाह गर्न सम्पूर्ण जनप्रतिनिधिहरु, कर्मचारीहरु लगायत सम्पूर्ण सरोकारवालाहरुलाई हार्दिक अपिल गर्दछु ।साथै दिप्रुङ चुइचुम्माबासीको भावना र आवश्यकताको उच्च सम्मान गर्दै गाउँपालिकालाई सुन्दर, शान्त र समृद्ध बनाउने अभियानका साथ **"हाम्रो परिकल्पनाः समृद्ध दिप्रुङ चुइचुम्मा"** को नारालाई दीर्घकालीन उद्देश्य राखी यस गाउँपालिकाको समग्र राजनैतिक, आर्थिक सामाजिक र साँस्कृतिक विकासमा अगाडि बढाउन हामी मन, वचन र कर्मले सधै प्रतिबद्ध छौं ।अब, म यस दिप्रुङ चुइचुम्मा गाउँपालिकाको आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आदरणीय सभाध्यक्ष महोदय,

**आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रमका प्राथमिकताका क्षेत्रहरु देहाय बमोजिम रहेका छन् :**

(क) पूर्वाधार विकास,

(ख) शैक्षिक गुणस्तर अभिवृद्धि,

(ग) कृषिको आधुनिकीकरण, व्यवसायिकरणसँगै उत्पादन र उत्पादकत्व अभिबृद्दिमा जोड,

(घ) सर्वसुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह,

(ङ) खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन,

(च) भ्रष्टाचार नियन्त्रण, सुशासन र सेवा प्रवाहमा प्रभावकारीता,

(छ) आन्तरिक रोजगारीमा जोड,

(ज) लैंगिक तथा सामाजिक समावेशीकरण,

(झ) सूचना प्रविधिमा आधारित सेवा प्रवाह,

(ञ) विपद् व्यवस्थापन, उद्दार, राहत र पुनस्थापना

**१. सामाजिक विकास नीतिः**

**१.१ स्वास्थ्य तथा पोषण**

- **'हेल्लो डाक्टर कार्यक्रम'** थप व्यवस्थित गर्दै नागरिकहरुको घर घरमा खबर प्राप्त भएको २ घण्टा भित्र सेवा उपलब्ध गराउने, त्यसका लागि जनशक्ति थपगरी व्यवस्थित गरिने र आधारभुत अस्पतालबाट चौबिसै घण्टा स्वास्थ्य सेवा प्रदान गर्ने नीति लिइनेछ।
- **"समृद्द दिप्रुङ चुइचुम्माका लागि : आधारभूत स्वास्थ्य सेवाको ग्यारेण्टी"** भन्ने स्वास्थ्य क्षेत्रको नारा तयार गरी त्यसको प्रत्याभुति गर्न हेल्लो डाक्टरको कार्यक्रम सञ्चालन भइरहेको आधारभुत अस्पतालमा आवश्यक स्वास्थ्य उपकरण सहित प्रयोगशाला (ल्याब) विस्तार र व्यवस्थित गर्दै लगिनेछ ।
- प्रत्येक स्वास्थ्य संस्थाबाट गर्भ जाँच अल्ट्रासाउन्ड सेवा निरन्तर सञ्चालनमा ल्याइने नीति लिइनेछ।
- गाउँपालिका भित्र रहेका वर्थिङ सेन्टरबाट गर्भवति महिलालाई शल्यक्रियाका लागि रेफर भएका महिलालाई गाउँपालिकाबाट नेपाल सरकारको जुनसुकै अस्पताल लैजानु परेमा पालिकाको एम्बुलेन्सबाट निःशुल्क रुपमा अस्पताल सम्म पुऱ्याउने नीति लिईनेछ ।
- निशुल्क स्वास्थ्य सेवा पुर्याउदै आउनु भएका स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता विकास र **"स्वस्थ बालक समृद्धिको आधार"** भन्ने नाराका साथ हरेक घरका गृहीणिहरुलाई बालबालिका हेरचार र स्वस्थ आहार सम्बन्धि आधारभुत तालिमको व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकाले विशेषज्ञ डाक्टरहरुको उपस्थितिमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने तथा शिविर संञ्चालनको अवधिमा ल्याब परिक्षण निःशुल्क गर्ने नीति लिइनेछ ।
- प्रत्येक व्यक्तिले वर्षमा एक पटक स्वास्थ्य परिक्षण गर्ने र रोग पहिचान भएका व्यक्तिको समययमै स्वास्थ्य उपचार गराउन सहजिकरण गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

- २४ घण्टा दिईने प्रसुति सेवा केन्द्र संख्यामा भन्दा गुणस्तरीय सेवा प्रदानका लागि एकिकृत प्रसुति सेवा केन्द्रको व्वस्थापन गरिने नीति लिइनेछ ।
- मातृ तथा नवजात शिशुको मृत्युदर घटाउन र घरमा शून्य प्रसुति घोषणा अभियान कार्यक्रमलाई अझ टेवा पुर्याउनको लागि आकस्मिक स्वास्थ्य उपचार संञ्चालन गरिनेछ ।
- **“संकेत समयको : क्षयरोगको अन्त्य**को" नारालाई मध्यनजर गर्दै गाँउपालिकाभित्र टि.बि खोजपडताल कार्यलाई निरन्तरता दिईने नीति लिइनेछ ।
- हाल सञ्चालनमा रहेका खोप तथा गाँउघर क्लिनिक सेवा केन्द्रबाट दिईने सेवालाई थप व्यवस्थित गर्नका लागि क्रमशः प्रत्येक सेवा केन्द्रमा बाह्य खोप तथा गाँउघर क्लिनिक सञ्चालन गर्नकालागि समुदायको सहकार्यमा भवन निर्माण गर्ने नीति लिइनेछ ।
- स्वास्थ्यमा सबैको पहुँच पुर्याउनका लागि सामुदायिक स्वास्थ्य एकाईको निर्माण, स्तरोन्नती, पूर्वाधार विकास जनशक्तिको व्यवस्था र सेवाको गुणस्तरमा वृद्धि गरिने नीति लिइनेछ ।
- सबै नागरिकमा स्वास्थ्य बिमा कार्यक्रम पुऱ्याउन जनप्रतिनिधि, कर्मचारी, शिक्षकको अनिवार्य स्वास्थ्य बिमा गर्ने गराउने नीति लिईनेछ ।
- गाँउपालिकाभित्र स्वास्थ्य संस्थामा आवश्यक औषधि/उपकरणको अभाव हुन नदिने गरी बजेटको व्वस्थापन गरिने नीति लिइनेछ ।
- दिप्रुङ चुइचुम्मा गाँउपालिकाले सञ्चालनमा ल्याएको अस्पतालमा X-Ray Machine तथा पोस्टमार्टम सेवा यसै आर्थिक वर्षबाट सुरुवात गर्ने नीति लिइनेछ ।
- प्रत्येक बिद्यालयलाई प्राथमिक उपचारको लागि प्राथामिक उपचार बक्स र तालिमको ब्यवस्था मिलाउने नीति लिइनेछ ।

## १.२ शिक्षा

- सामुदायिक विद्यालयमा कार्यरत सम्पूर्ण स्थायी, अस्थायी, करार, राहत, अनुदान, स्वयमसेवक, निजि शिक्षकलगाएत विद्यालय कर्मचारीहरुको हक,हित र सुरक्षाका लागि आगामी तीन आ.व. सम्ममा एक करोडको शिक्षक तथा विद्यालय कर्मचारी सहायता कोष स्थापना गर्ने प्रक्रिया स्वरुप यसै वर्षदेखि प्रत्येक वर्ष कोषमा रकम जम्मा गर्ने नीति लिइने छ ।
- गाउँपालिका मातहतका शिक्षक, कर्मचारी, जनप्रतिनिधिहरुको बालबालिकाहरु अनिवार्य रुपमा आगामी शैक्षिक वर्ष २०८३ बाट सामुदायिक विद्यालयमा भर्ना गर्ने नीति लिइनेछ ।
- धुलो रहित कक्षाकोठा निर्माण कार्यलाई यस आर्थिक वर्षमा सम्पन्न गरि धुलोरहित विद्यालय गाउँपालिका घोषणा गर्ने नीति लिइनेछ।
- शिक्षक, प्रधानाध्यापक, विद्यालय कर्मचारी तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीको क्षमता विकासका लागि विषयगत तालिम, नीतिगत तालिम, कार्यशाला, अनुभव आदान-प्रदान

कार्यक्रम, भ्रमण रोष्टर समूह गठन तथा परिचालन लगायतका नियमित कार्यक्रम सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

- **हाम्रो सामुदायिक विद्यालय, राम्रो सामुदायिक विद्यालय** भन्ने नारा तय गरी सामुदायिक विद्यालयको शैक्षिक तथा भैतिक गुणस्तर अभिवृद्धि गर्ने नीति लिइनेछ।
- विद्यालय शिक्षाको आधारको रुपमा रहेको बाल विकास केन्द्रलाई व्यवस्थित शैक्षिक सामग्रीयुक्त बालमैत्री कक्षा कोठा तयार गर्ने नीति लिइनेछ।
- हाल संचालित वडा न. ४ स्थित श्री राम्चे निकेतन मा.बि. इजाराको आवासिय विद्यालयलाई निरन्तरता संगै थप प्रोत्साहन प्रदान गर्दै आवश्यक्ता र औचित्यका आधारमा अन्य ठाउँमा पनि आवासिय विद्यालय खोली विध्यार्थी संख्या कम भएका विद्यालयहरुलाई क्रमशः मर्ज गर्दै जाने नीति लिइनेछ ।
- अभिभावकहरुलाई विद्यालयप्रति थप जवाफदेही र जिम्मेवार बनाउन वि.व्य.स./अभिभावक/शिक्षक र प्र.अ. बिचको भेटघाट छलफल तथा अन्तरक्रिया कार्यक्रमलाई प्राथमिकता दिदै अनिवार्य उपस्थितिको लागि अभिभावक उपस्थिति कार्डको व्यवस्थामा जोड दिई सोको आधारमा प्रत्येक विद्यालयमा एक/एक जना वर्षको उत्कृष्ठ अभिभावक छनोट गरि सम्मान गर्ने कार्यक्रम समेत अगाडि बढाइने छ ।
- न्युन तलवमानमा कार्यरत स्वयमसेवक शिक्षक, कम्प्युटर शिक्षकहरुले खाइपाई आएको तलव भत्तामा समयानुकुल वृद्धि गरिने नीति लिईनेछ ।
- प्र.अ. हरुको कार्यव्यस्तता र प्रशासनिक कार्यलाई अझ जिम्मेवार, जवाफदेही र प्रभावकारी वनाउन समयानुकुल थप भत्ताको व्यवस्था गरिने नीति लिईनेछ ।
- विषयगत तथा तहगत दरबन्दी अपुग भएका सामुदायिक विद्यालयहरुमा स्वयंमसेवक शिक्षक दरबन्दी व्यवस्था गर्ने नीतिलाई निरन्तरता दिइनेछ।
- सबै विद्यालयमा जडान भएका इन्टरनेट सेवालाई प्रभावकारी; नियमित र सुचारु रुपमा संचालनका साथै विद्यालयहरुलाई प्रविधिमैत्री वनाउने नीति लिइनेछ ।
- विद्यालयको अनुगमन तथा सुपरीवेक्षणको संस्थागत संयन्त्रलाई निरन्तरता दिई सुपरीवेक्षण सहित शिक्षक सहयोग कार्यक्रम सञ्चालन र सुपरीवेक्षणलाई प्रभावकारी बनाउन प्रविधिमैत्री बनाउँदै लगिने तथा उत्कृष्ट र नतिजामुखी बनाउने नीति लिइनेछ।
- फरक सङ्कायको प्राविधिक विद्यालय स्थापना तथा स्नातक कक्षा सञ्चालन गर्न चाहने विद्यालयलाई प्रस्तावनाको आधारमा विशेष सहयोग उपलब्ध गराउने नीति लिइनेछ।
- सामुदायिक विद्यालयमा अध्ययनरत गरीव तथा जेहेन्दार विद्यार्थीहरुका लागि माथिल्लो कक्षा अध्ययन गर्न प्रोत्साहन छात्रवृत्तिलाई निरन्तरता दिदै थप प्रभावकारी वनाउने नीति लिइनेछ।

- सवै विद्यालयमा विषयगत शिक्षकको व्यवस्थापन गर्दै सक्षमता अभिवृद्धि गर्नुका साथै शिक्षकको कार्य सम्पादनलाई विद्यार्थीको सिकाई उपलब्धिसँग जिम्मेवार बनाउदै दण्ड र पुरस्कारको नीति लिइनेछ।
- विद्यालयहरुका आवश्यकता र औचित्यताको आधारमा शिक्षकको दरबन्दी मिलान तथा कामकाजमा खटाउने व्यवस्था गरिनेछ।
- शिक्षक तालिमको स्थायी संयन्त्रको विकास गरी तालिमको सञ्चालन र तालिमबाट प्राप्त ज्ञान, सीपलाई कक्षाकोठासम्म पुऱ्याउनको लागि सुपरीवेक्षणको तहगत संरचनाको निर्माण गरिनेछ।
- प्रत्येक मा.वि.हरुमा नेपाल स्काउट, बालक्लब, जुनियर रेडक्रस जस्ता स्वयंमसेवी सस्थाको स्थापना गरी बालबालिकामा राष्ट्रप्रेम तथा समाजसेवी भावनाको विकास गर्ने नीति लिइनेछ।
- सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको सर्वाङ्गीण विकासका लागि तहगत रुपमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने कार्यक्रमलाई थप प्रभावकारि बनाउदै लगिने नीति लिइनेछ।
- विद्यालय शिक्षालाई व्यवहारिक जीवनोपयोगी र ज्ञानमा आधारित बनाउन माटो सुहाउँदो एवम् स्थानीय विशिष्टता र उद्यमशीलतामा आधारित स्थानीय पाठ्यक्रम निर्माण भई कार्यान्वयनको चरणमा आएकोले यथाशीघ्र पाठ्यपुस्तक प्रकाशनको नीति लिइनेछ।
- विद्यार्थीहरुलाई सार्वजनिक सेवा, सुरक्षा, ट्राफिक नियम तथा अन्य सम्बन्धित विषयमा सचेतना कार्यक्रम प्रत्येक शैक्षिक सत्रको एक दिन विद्यार्थीसँग राष्ट्रसेवक कर्मचारी र प्रहरी कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ।
- हरेक विद्यालयका कक्षा १-५ मा अध्ययनरत गरिब तथा जेहेन्दार विध्यार्थीहरु मध्ये विद्यालयको सिफारिसका आधारमा निश्चित संख्यामा रहेका वालवालिकाहरुलाई पोषाक तथा अत्ति आवश्यक शैक्षिक सामग्री वितरण गर्ने नीति लिइनेछ ।
- **"न्यूनतम एक विद्यालय एक योजना"** भन्ने नारालाई सार्थक वनाउन अति आवश्यक खानेपानी, घेरावारा, शौचालय निर्माणका साथै अति आवश्यक भौतिक संरचना निर्माणका नीति लिइनेछ ।
- प्रधानाध्यापकको नेतृत्व क्षमता विकास तालिम, शिक्षकको तहगत तथा विषयगत तालिम ,लेखा कर्मचारी तथा कम्प्युटर शिक्षकको लागि आइसिटी तालिम प्रदान गरिनेछ।
- विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत प्राप्त हुने सशर्त अनुदान मार्फत विद्यालयलाई प्राप्त हुने कार्यक्रमहरुको शीर्षकगत रुपमा अनुगमन तथा सुपरीवेक्षण गरी पृष्ठपोषण प्रदान गर्ने नीति लिइनेछ।
- प्रभावकारी अनुगमन तथा सुपरीवेक्षण गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विद्यालय निरीक्षकहरुबाट हालसम्म भए गरेका कार्यको उच्च मूल्याङ्कन गर्दै आगामि वर्षमा थप सशक्त र प्रभावकारी वनाउदै लैजाने नीति लिइनेछ।
- सबै सामुदायिक विद्यालयहरुमा शिक्षाको गुणस्तर कायम गर्न दैनिक होमवर्क डाएरीको व्यवस्था गर्ने नीति लिइने छ ।

## १.३ खानेपानी, सरसफाइ र स्वच्छता

- गाउँपालिका भित्रका सम्पूर्ण वडाहरुमा पूर्ण सरसफाइ कार्यक्रम सञ्चालन गरिनेछ ।
- **एक घर, एक धारा**को आकांक्षा पूरा गर्न खानेपानी अभाव भएको स्थानमा खानेपानीको मुहान पहिचान गरी त्यस्ता मुहानहरुको संरक्षण र सम्वर्द्धन गर्न विशेष नीति लिइनेछ।
- गाउँपालिकामा उत्पादित शिसाजन्य, धातुजन्य तथा मेशनरी फोहोरमैलाको दिगो व्यवस्थापनको लागि कबाडीजन्य उद्योग सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।
- गाउँपालिकाभित्र साप्ताहिक, पाक्षिक, मासिक र वार्षिक रुपमा लाग्ने हाट बजार क्षेत्रमा उत्पादित फोहोर मैला व्यवस्थापनका लागि ल्याण्डफिल्ड साइडको व्यवस्था गर्ने नीति लिइनेछ।
- जनचेतनाका लागि सार्वजानिक स्थलमा होर्डिङ बोर्ड राख्ने व्यवस्था मिलाइनेछ।

## १. ४ सामाजिक समावेशीकरण

- गाउँपालिकाको वस्तुगत विवरण (पार्श्व चित्र) निर्माण गरी सालबसाली अद्यावधिक गरिनेछ ।
- सबै वडामा बाल समिति गठन तथा सबलीकरण गरी परिचालन गरिनेछ ।
- लक्षित तथा विपन्न वर्गको सशक्तीकरणका लागि आवश्यक तालिम तथा क्षमता विकास कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।
- ऐतिहासिक कालदेखि दलित तथा सिल्पी समुदायले, जीवन निर्वाहको रूपमा अपनाई आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पूँजी लगानी तथा प्रविधि हस्तान्तरण गरि सहयोग गर्ने नीति लिइनेछ।
- आमा समूहलाई व्यवस्थित रुपमा सञ्चालन गर्न र समूह सुदृढिकरण गर्न प्रत्येक सकृय आमासमुहहरुलाई एक मुष्ट **विउँ पुँजि अनुदान** दिइनेछ।
- **"हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान"** अभियान सञ्चालन गरी सबै प्रकारका हिंसा विरुद्ध शून्य सहनशिलताको नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पीडितको संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ।
- ज्येष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम सञ्चालन गरी महिला तथा युवाहरुलाई प्रारम्भिक र स्तरीकृत सीपमूलक व्यवसायिक तालिम मार्फत उद्यमशीलतातर्फ अभिप्रेरित गरिनेछ।
- सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई प्रभावकारी बनाई वडा तथा घर-घरमा सामाजिक सुरक्षा भत्ता पुर्याउन बैंकसँग सहकार्य गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- विभिन्न जातजाति, भाषा, धर्मलाई उजागर गर्दै परापूर्वकालदेखि जातिय भेदभावका कारण जातिय छुवाछुतलाई अन्त्य गर्दै छुवाछुतमुक्त गाउँपालिका घोषणा गर्न अभियान सञ्चालन गरिनेछ।

## १.५ रोजगारी तथा मानव संशाधन विकास

- गरिबी न्यूनीकरण तथा रोजगारीका अवसर सृजना गर्न पहल गरिनेछ ।
- श्रम बजारको माग बमोजिम श्रमिकको सीप तथा क्षमता अभिवृद्धि गर्ने नीति लिइनेछ ।
- रोजगारको खोजिमा रहेका बेरोजगार व्यक्तिहरुलाई रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टी गरी रोजगारीको लागि पहल गरिनेछ।
- वैदेशिक रोजगारीमा जाने श्रमिकहरुको श्रम स्वीकृति र पुनःश्रम स्वीकृति गाउँपालिकाबाटै सहजीकरण शुरु भएकाले यसलाई निरन्तरता दिने नीति लिइनेछ ।
- समान कामका लागि समान पारिश्रमिकको सिद्धान्तलाई प्रभावकारी कार्यान्वयन गरिनेछ।
- संघ, प्रदेश र गाउँपालिकावाट सञ्चालित योजनाहरुमा रोजगार सूचना केन्द्रमा सूचिकृत बेरोजगारहरुलाई प्राथमिकतामा राखेर काम गर्ने व्यवस्था मिलाइनेछ ।
- राष्ट्रिय रोजगार कार्यक्रममार्फत रोजगार सृजना गर्नको लागि आवश्यक साझेदारी रकमको सुनिश्चितिता गरिनेछ ।
- एक घर एक रोजगार कार्यक्रम मार्फत रोजगारीको सुनिस्चिता गरि स्थानीय रोजगारीको प्रवर्द्दन गरिने नीति लिइनेछ ।

## १.६ खेलकुद

- युवाहरुलाई खेलकुदमा आकर्षित गर्न **अध्यक्ष कप**, कर्मचारी, जनप्रतिनिधिहरुलाई लक्षितगरी पालिका स्तरिय खेलकुद प्रतियोगिता आयोजना गरिनेछ ।
- युवाहरूको खेलकुदप्रतिको रूचीलाई सम्बोधन गर्न पालिकास्तरीय र खुला खेलकुद प्रतियोगिताहरू सञ्चालन गरिनेछ।
- भलिबल, फुटबल तथा अन्य खेलकुदको विकासका लागि गाउँपालिकास्तरीय खेलाडी छनोट गरी खेल सीप तथा क्षमता विकास गराउने नीति लिइनेछ।
- गाउँपालिकास्तरीय खेलकुद विकास समितिको सहकार्यमा प्रत्येक वडामा खेलकुद उपसमिति गठन गरिनेछ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुदमा भाग लिने गाउँपालिका भित्रका उत्कृष्ट खेलाडी तथा जित हासिल गराउन सहयोग पुर्याउने प्रशिक्षकहरुलाई प्रोत्साहन गर्न पुरस्कार र सम्मानको व्यवस्था मिलाइनेछ ।

## १.७ सामाजिक परिचालन

- सामाजिक रुपान्तरणका लागि सामाजिक परिचालन कोष खडा गरी टोल विकास संस्था, गैर सरकारी संस्था, आमा समूह, क्लब, सामुदायिक संस्था लगायतका संस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ ।
- सामाजिक परिचालनका माध्यमबाट गरिबी न्यूनीकरण कार्यक्रमलाई मूल प्रवाहीकरणमा समावेश गर्न जोड दिइनेछ ।
- स्थानीय विकास निर्माणका लागि जनश्रमदान परिचालन गराउने नीति लिइनेछ।

## १.८ न्यायिक कार्यसम्पादन

**"उपाध्यक्षसँगै न्यायमा सेवाः समृद्धि र सुशासनमा टेवा"**

- न्याय सम्पादनलाई प्रभावकारी बनाउन मेलमिलापकर्ता र जनप्रतिधिहरुको लागि क्षमता अभिवृद्धि गर्न तालिम प्रदान गरिनेछ ।
- विवाद निरुपण तथा मेलमिलापको लागि समुदायस्तरमा कार्यक्रम बनाई लागू गरिनेछ ।
- स्थानीय न्यायिक समितिलाई सबल र सक्षम बनाइनेछ ।
- गाउँपालिकामा महिला तथा पुरूष जनप्रतिनिधिहरूलाई कानूनी साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।
- **उपाध्यक्षसँग सुत्केरी आमाहरुसँग भेटघाट कार्यक्रमलाई** निरन्तरता दिइनेछ।
- आमा समूहहरुको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- वेरोजगार महिलाहरुलाई आत्मनिर्भर बनाउन उद्यमशीलता तालिम दिइनेछ।
- १० (दश) वर्ष माथिका छात्राहरुका लागि सेनेटरी प्याड वितरण गरिने नीतिलाई निरन्तरता दिइनेछ।

## १.९ साहित्य र संगीत

- गाउँपालिका र छिमेकी नगर/गाउँपालिकाहरूभित्र बसोबास गर्ने साहित्य सर्जकहरूलाई साहित्य सृजनामा निरन्तर प्रोत्साहन गर्न गाउँपालिकाको आयोजनामा वृहत साहित्यक गतिविधि गरिने नीति लिइनेछ।
- गाउँपालिका स्तरीय साहित्य प्रज्ञा प्रतिष्ठान गठन गरि साहित्यिक गतिविधिका लागि प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- गीत संगीत, पत्रकारिता र साहित्य क्षेत्रमा अतुलनीय योगदान पुऱ्याउने व्यक्तित्वहरुलाई सम्मान गरिनेछ ।

## २. आर्थिक विकास नीतिः

### २.१ कृषि तथा पशु विकास

- कृषि तथा पशुपालन क्षेत्रको विकासका लागि आवश्यक पर्ने प्राविधिक कर्मचारीको व्यवस्था गरी सेवा केन्द्र मार्फत सबै किसानको पहुँच हुने गरी कृषि तथा पशुपालन सम्वन्धी उपचार तथा प्राविधिक सेवा सुनिश्चित गर्ने नीति लिइनेछ।
- पाएक पर्ने स्थानहरुमा कृषि उपज संकलन केन्द्रको व्यवस्था, उत्पादित वस्तुको मुल्य निर्धारण गरि निर्धारित मुल्यमा गाउँपालिकाले कृषकहरुबाट खरिद गरि बजारसम्म लैजाने नीति लिइनेछ।
- प्रत्येक वडामा सहकारीमार्फत संचालन हुने गरि होलसेल पसलहरु खोल्ने नीति लिइनेछ ।
- मल र विउ विजन वडागत रुपमा जनप्रतिनिधि र सहकारी मार्फत सहज उपलब्धताको सुनिश्चित गर्ने नीति लिइनेछ ।
- व्यवसायिक तथा अगुवा कृषकहरुलाई आवश्यकताको आधारमा ८० प्रतिशतसम्मको अनुदानमा आधुनिक कृषि औजारहरु उपलब्ध गराउने नीति लिइनेछ ।
- नागरिकहरुको स्वास्थ्यलाई समेत मध्यनजर गर्दै आन्तरिक रोजगारी र व्यवसायिकरणका लागि गाउँपालिकाभित्र आयातित पेय तथा रक्सीजन्य पदार्थहरुलाई निरुत्साहीत गरी स्थानीय उत्पादित फलफुलको जुस र लोकल कोदोको रक्सीको ब्राण्डिङ, प्रशोधन र औधोगीकरण गरि गाउँपालिकालाई आत्मनिर्भर बनाउने नीति लिइनेछ ।
- बढ्दो वसाइसराईको न्यूनिकरण, बाँझो जमिनको उपयोग र कृषिजन्य उत्पादन र उत्पादकत्व बढाउँदै आन्तरिक रोजगारी सिर्जना गर्न र कृषि उत्पादनमा गाउँपालिकालाई आत्म निर्भर बनाउन बजेट व्यवस्था गरि जंगलि जनावर तथा बाँदर नियन्त्रण गर्ने नीति लिइनेछ ।
- गाउँपालिका क्षेत्र भित्रका अगुवा कृषक, कृषक समूह र सहकारी तथा महिला आत्मनिर्भर समूह मार्फत उन्नत जातका बीउ विजनमा अनुदान तथा सहायता उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।
- **"एक घर, एक प्लाष्टिक टनेल"** कार्यक्रमलाई अभियानकै रूपमा सञ्चालन गर्ने गरि निरन्तरता सहित नतिजामूलक अनुगमन गर्ने नीति लिईनेछ।
- कृषक दर्ता तथा सूचीकरण गरी कृषि स्रोत केन्द्र स्थापना गरी तालिम सञ्चालन गर्ने नीति लिइनेछ।
- कृषिमा यान्त्रिकरण, आधुनिकीकरण तथा व्यवसायिकरण गर्दै यसलाई मर्यादित पेशाको रुपमा विकास गरिनेछ । यसका लागि वडागत रुपमा पकेट/ब्लक कार्यक्रम गर्ने नीति लिइनेछ।
- वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई व्यवसायिक कृषि क्षेत्रमा आकर्षित गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ।
- व्यवसायिक मौरीपालन, तेलहन खेती, फलफूल, आलु, च्याउ खेतीको लागि प्रोत्साहन गर्ने नीति लिइनेछ।

- कृषक, व्यवसायी, उद्यमी र प्राविधिकहरूको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
- सिँचाई नपुगेको कृषियोग्य जमिनमा सिँचाईको सुविधा पुऱ्याउने नीति लिइनेछ ।
- पशुपन्छीमा लाग्ने विभिन्न संक्रमित तथा सरुवा रोगहरु उपचार र रोकथामका लागि औषधी वितरण तथा भ्याक्सिनेशन कार्यक्रम कार्यान्वयनलाई निरन्तरता दिने नीति लिइनेछ ।
- पशुपंक्षीबाट मानवमा सर्न सक्ने रोगहरूका सम्बन्धमा जनचेतना अभिवृद्धि र जनस्वास्थ्य संरक्षणमा सहयोग पुग्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- पशुपंक्षी बिमा कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।
- कृषकको घरमा कृषि प्राविधिक पुगि सबै कृषकको घरमा कृषि तथा भेटनरी सेवा उपलब्ध गराउन **किसान घरदैलो सेवा कार्यक्रम** सञ्चालन गरिनेछ ।
- किसानहरुलाई बीउ-विजन, कृषि उपकरण, विषादी लगायतका कृषि सामग्रीहरु वितरण गरिनेछ।
- गाउँपालिका क्षेत्रभित्र नगदेबाली चिया खेतिको विस्तार गर्दै वडा नं. २, ५, ६ र ७ लाई कार्यक्षेत्र बनाई सो क्षेत्रलाई चिया पकेट क्षेत्र घोषणा गरी सम्बन्धित क्षेत्रका इच्छुक कृषकहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

## २.२. पर्यटन

- गाउँपालिकाको पर्यटन विकासका लागि गाउँपालिकाको समग्र पर्यटन सम्भाव्यताबारे अध्ययन गरी नीति तथा गुरूयोजना तर्जुमा गरिनेछ।
- गाउँपालिकाको छितापोखरीस्थित सुम्निमा-पारूहाङ पार्कलाई पुनः निर्माण गर्दै पर्यटकीय क्षेत्रको रूपमा विस्तार तथा प्रचारप्रसार गरिनेछ । तहाँस्थित चिया बगान क्षेत्रको विस्तार गरी उक्त पार्कलाई वनभोजस्थलको रूपमा निर्माण गरिनेछ ।
- साँस्कृतिक विविधता एवं प्राकृतिक सुन्दरताले आन्तरिक तथा बाह्य पर्यटकको गन्तव्य स्थलको सम्भावना भएका धिप्लुङ झरना, मैस्याङ डाँडा, जलजला ताल, चित्रेपातल, लहरेपैयु, स्यालगौडे, राम्चेडाँडालगायतका क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने लक्ष्य लिइनेछ।
- गाउँपालिकाभित्र रहेको भाषा, धर्म, संस्कृतिलाई जीवन्तकालसम्म जगेर्ना गर्नका लागि विभिन्न संस्कृति झल्कने सांस्कृतिक कार्यक्रमहरु संचालन गर्ने नीति लिइनेछ ।
- गाउँपालिका स्तरीय पर्यटन प्रवर्द्धन समिति गठन गरिनेछ ।

## २.३. उद्योग तथा वाणिज्य

- गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका व्यापार व्यवसाय र उद्योगको दर्ता तथा नियमन कार्य सहज बनाउन सम्बन्धित निकायसँग समन्वय गरी व्यवसाय दर्ता अभियान सञ्चालन गरिनेछ।

- घरेलु तथा साना उद्योगको रुपमा सञ्चालित कुटानी पिसानी मिल, फर्निचर उद्योग, विविध जातका फलफूलका जुस उद्योग, जडिबुटी उद्योग, कपडा तान बुन्ने उद्योग, लगायतका उद्योगहरूमा व्यावसयिक रुपमा संलग्न हुने कृषकहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।
- वर्तमान अवस्थामा विदेशबाट फर्केका समग्र युवाहरुको सीप, क्षमता र अनुभवलाई एकीकृत गरी गाउँपालिकामै स्वरोजगार बनाउने नीति, रणनीति तथा कार्यक्रमलाई प्राथमिकता दिइनेछ।
- कालाबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने र प्रतिस्पर्धा नियन्त्रण गर्ने जस्ता कार्यलाई पूर्णरुपमा अन्त्य गर्न पालिकाको अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गर्दै उपभोक्ताको हित संरक्षण गर्न अनुगमनलाई प्रभावकारी बनाइनेछ
- गाउपालिकामा तोरी उत्पादनमा वृद्धि गरी अर्गानिक तेलको निर्यात गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।
- टपरी-दुना गाँस्ने, बत्ती कात्ने, खाँडी कपडा बुन्ने, नाङ्लो-डालो बुन्ने, जस्ता परम्परागत घरेलु उद्यमहरुलाई नवप्रवर्तनकारी उद्यमको रुपमा विकास गरिनेछ।

### २.४ सहकारी, गैरसरकारी तथा वित्तीय क्षेत्र

- सहकारी तथा वित्तीय क्षेत्रको पूँजीलाई लघु उद्यम विकास, रोजगारी सिर्जना, स्थानीय उत्पादन प्रवाह तथा बजारीकरण गर्ने क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।
- सहकारी क्षेत्रलाई प्रर्वद्धन गर्दै गाउँपालिकाको आर्थिक एवं सामाजिक विकासमा अधिकतम परिचालन गरिनेछ। साथै सहकारी नियमन कार्यलाई प्रभावकारी बनाइनेछ ।
- गाउँपालिकामा दर्ता नभई सञ्चालनमा रहेका सहकारी तथा बैंकहरूलाई अनिवार्य दर्ता प्रक्रियामा ल्याइनेछ।
- निष्कृय सहकारीलाई खारेज गर्ने प्रकृया अघि बढाइनेछ ।

## ३. वन, वातावरण तथा विपद व्यवस्थापन नीतिः

### ३.१. वन वातावरण तथा जलवायु परिवर्तन

- वातावरणमैत्री स्थानीय नीति तर्जुमा गरिनेछ। वातावरणमैत्री शासनका पूर्वाधार पूरा गरी गाउँपालिकालाई वातावरणमैत्री स्थानीय तह घोषणा गरिनेछ।
- **"हरेक डाँडा , एक रिचार्ज पोखरी"** को कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ।
- गाउँपालिका क्षेत्रभित्रका सामुदायिक वन संरक्षण, प्रवर्द्धन तथा सम्बन्धित समुदायको वासिन्दाको हितमा उपभोग गर्नको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- विकास, वातावरण तथा राजश्वका क्षेत्र तथा उपक्षेत्रहरुबीच तादात्म्यता मिलाई गाउँपालिकाको वनजन्य स्रोतहरुको निकासी गर्ने व्यवस्था मिलाइनेछ।

- गाउँपालिका क्षेत्रभित्र रहेका पानीका मुहान, पोखरी, ताल-तलैया, कुवा, सिमसार क्षेत्रको संरक्षण र सम्वर्द्धन गरिनेछ।

### ३.२ विपद व्यवस्थापन तथा भू—संरक्षण

- गाउँपालिकास्तरीय विपद व्यवस्थापन कोषका लागि आवश्यक रकमको व्यवस्थालाई निरन्तरता दिईनेछ । यस कोषको अभिवृद्धिको लागि अन्य निकाय तथा गैर सरकारी संघ सस्था एवंम् शुभेच्छुकबाट साझेदारीता अभिवृद्धि गरिनेछ ।
- महामारी, भूकम्प, बाढीपहिरो, हुरीवतास, चट्याङ, विद्युत सर्ट, आगलागी तथा डढेलो, जंगली जनावरबाट हुने क्षति जस्ता विपद सम्बन्धमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- विपद् पूर्व तयारी स्वरुप खाद्य, गैरखाद्य र स्वच्छता एवम् उद्दार सामग्रीको व्यवस्थापन गरिनेछ।
- यस गाउँपालिकामा र छिमेकी स्थानीय तहमा समेत विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन स्वयंमसेवक (Quick Response Team) को गठन गरीसकिएकाले क्षमता विकास गर्दै शीघ्र परिचालनको नीति अबलम्बन गरिनेछ।
- प्रभावकारी विपद् प्रतिकार्यका लागि आपतकालिन सामग्रीको भण्डारगृहको स्थापना गरी आवश्यक पर्ने उद्धार तथा राहत सामग्रीहरुको उपलब्धताको सुनिश्चित गरिनेछ।

### ३.३ फोहोरमैला व्यवस्थापन

- गाउँपालिकाभित्र साप्ताहिक, पाक्षिक, मासिक र वार्षिक रुपमा लाग्ने हाट बजार क्षेत्रमा उत्पादित फोहोर मैला व्यवस्थापन गर्ने नीति लिइनेछ ।
- गाउँपालिकामा उत्पादित शिसाजन्य, धातुजन्य तथा मेशनरी फोहोरमैलाको दिगो व्यवस्थापनको लागि कबाडीजन्य उद्योग सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।
- फोहोर मैला व्यवस्थापनका लागि जनचेतना जगाउन जनसहभागितामा आधारित जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- जनचेतनाका लागि सार्वजानिक स्थलमा होर्डिङ बोर्ड राख्ने, माइकिङ गर्ने, पोष्टर टाँस्ने जस्ता कार्यक्रम गरिनेछ।

## ४. पूर्वाधार विकास

### ४.१ सडक, पुल तथा यातायात व्यवस्था

- विकास योजनाहरुलाई नतिजामुखी बनाउन वडास्तरमा टुक्रे योजनाहरु तर्जुमा गर्ने कार्यलाई क्रमशः कम गरिनेछ र योजना कार्यसम्पादनलाई नतिजामा आधारित बनाइनेछ।

- गाउँपालिका आसपासमा २००० बढी मान्छे अट्ने क्षमताको कभर्ड/सभाहल निर्माण गरि विभिन्न समयमा हुने जिल्ला तथा प्रदेशस्तरीय खेलकुद, भेला, गोष्ठी, सम्मेलन, सेमिनारजस्ता कार्यक्रम आयोजना गर्ने व्यवस्था मिलाउने नीति लिइनेछ।
- विद्यालय तथा सार्वजानिक कार्यालयहरु आवातजावत गर्ने सडक, बाटो, र पैदल मार्गमा पर्ने खहरे खोला तथा खोल्सीहरुमा आवातजावतलाई सहज र संभावित विपदलाई न्युनिकरण गर्न आवश्यकताको आधारमा स्थानीय बाँस तथा काठे पुलको निर्माण गरिदै जाने नीति लिइनेछ ।
- पूर्वाधार तथा अन्य योजनाहरुमा जनश्रमदान, कन्टिन्जेन्सी, लागत अनुमान स्वीकृति, बोलपत्र सम्बन्धी कागजातहरुको स्वीकृती लगायत सम्पूर्ण खरिद सम्बन्धी कामहरुको नियमन तथा व्यवस्थापनका लागि स्थानीय खरिद नियमावली कार्यान्वयन गरिनेछ।
- गाउँपालिकाका सार्वजनिक भौतिक पूर्वाधारहरु संरचना निर्माण गर्दा बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक एवं गर्भवती महिलामैत्री बनाइनेछ।
- गाउँपालिकाका मुख्य सडक तथा शाखा सडकहरुलाई तराई र सदरमुकामसम्म बाह्रै महिना सञ्चालन हुने गरी स्तरोनन्नती गर्ने नीति लिइनेछ।
- गाउँपालिकाभित्र निर्माण भएका सडकको यथोचित नामाकरण गरी निश्चित दूरीमा ट्रफिक चिन्हसहित गन्तव्य दूरी र स्थानको नामाकरण र संकेत बोर्ड अनिवार्य रूपमा राखिनेछ ।
- एकीकृत नमूना वस्तीको विकासको सम्भाव्यता अध्ययन गरिनेछ ।
- ठुला योजनाहरुलाई प्राथमिकता दिईनेछ। एक वडा एक गौरवको योजनाको नीति अनुरुप भौतिक पूर्वाधारको योजना छनौट तथा निर्माण गरिनेछ।
- गाउँपालिकाभित्रका सडकहरूलाई वर्गीकरण तथा स्तरोन्नति गरिनेछ।
- सात वटा वडा समेटिने गरी रिङ रोडको अवधारणाअनुसार योजना तयार गरिनेछ।
- बाढी, पहिरो तथा प्राकृतिक प्रकोपबाट क्षति पुगेका सडक र पूर्वाधारहरूको मर्मत तथा पुनःनिर्माण गरिनेछ।
- गाउँपालिकाभित्रका मुख्य, सहायक तथा आन्तरिक सडकहरूको स्तरोन्नति तथा ग्राभेल/ब्ल्याकटप गर्ने कार्य गरिनेछ।
- वडाकेन्द्र, विद्यालय, स्वास्थ्य चौकी, सामुदायिक भवन लगायतका सार्वजनिक संरचनाहरूको निर्माण तथा स्तरोन्नति गरिनेछ।
- मनसुनका कारण सडकखण्डमा हुन आउने क्षति न्यूनिकरणका लागि सडक हेरालुको नियुक्ती गरि काममा लगाइनेछ।
- विपद् जोखिम न्यूनीकरणका लागि आवश्यक पूर्वाधारहरू निर्माण गरिनेछ (जस्तैः ग्याबियन पर्खाल, नाली)।

- खानेपानीको पहुँच नपुगेका बस्तीहरूमा सुरक्षित तथा दिगो खानेपानी योजना सञ्चालन गरिनेछ।
- प्रत्येक वडामा उपभोक्ता समितिलाई योजना कार्यान्वयन, बजेट पारदर्शिता तथा प्राविधिक विषय सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ।
- गाउँपालिकामा निर्माण हुने सबै खालका पूर्वाधारमा मौलिकता, नवीनता र सामुदायिक सहभागिताको प्रयोगमा जोड दिइनेछ।
- गाउँपालिकाबाट सञ्चालन गरिने योजनाहरूमा उपलब्धी नदेखिने र साना—साना योजनाहरूलाई निरुत्साहित गरिनेछ।
- गाउँपालिका बाट सञ्चालन गरिने आयोजनाहरूको सञ्चालन गर्दा आयोजनास्थलमा आयोजनासम्बन्धी विवरण (होडिङ बोर्ड) अनिवार्य रूपमा राख्ने हालको व्यवस्थालाई निरन्तरता दिइनेछ।
- गाउँपालिकाभित्र सञ्चालनमा रहने साना तथा ठुला आयोजनाहरुको गुणस्तर परिक्षणको लागि पालिकास्तरीय ल्याब सञ्चालन तथा आवश्यक शुल्क निर्धारण गर्न आवश्यक संख्यामा ल्याब टेक्निसियनको बन्दोबस्त गरिनेछ।
- निर्माण कार्यहरूमा वातावरणीय प्रभाव मूल्याङ्कनको पालना गरिनेछ र हरियाली प्रवर्द्धनमा विशेष जोड दिइनेछ।
- अनुगमन मूल्यांकन कार्यलाई थप प्रभावकारी बनाउन कार्यपालिकाको तर्फबाट सक्रिय संयन्त्र बनाई परिचालन गरिनेछ।
- भवन निर्माण आचार संहिता लागु गरि नक्सा पास कार्यविधि समेतको प्रभावकारी कार्यान्वयन गरिनेछ।
- गाउँपालिकाका सडक छेउमा पनि नयाँ पक्की घरहरू निर्माण गर्दा मापदण्डअनुसार अनिवार्य रूपमा नक्सा पास गर्ने नीति अवलम्बन गरिनेछ।
- बालमैत्री, अपांगमैत्री तथा वातावरणमैत्री भवन निर्माण प्रणालीलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ।
- निर्मित पूर्वाधारहरुको नियमित मर्मत संभार सञ्चालन संरक्षण गर्न मर्मत सुधार कोषको व्ववस्था गरी सोही कोषको परिचालन मार्फत कार्य सञ्चालन गरिनेछ।
- प्रमुख स्थानहरूमा सौर्य बत्ती जडान गरिनेछ र वैकल्पिक ऊर्जाको प्रयोगलाई प्रवर्द्धन गरिनेछ।
- स्थानीय जनश्रमको अधिकतम उपयोग गर्ने गरी सडक निर्माण लगायत विभिन्न पूर्वाधार निर्माणमा श्रममूलक प्रविधिमा जोड दिइनेछ।
- पूर्वाधार शाखाका प्राविधिकहरुलाई आधुनिक प्रविधिमा पहुँच सुनिश्चित गर्न ल्यापटप, इन्टरनेट, सर्भे उपकरण, ड्रोन, मोबाइल एप जस्ता साधनहरू उपलब्ध गराउनको लागि कन्टिन्जेन्सी रकमलाई व्यवस्थित गरिनेछ।

- फिल्डमा खटिने प्राविधिक कर्मचारीको लागि बिमा तथा क्षमता अभिवृद्धिका लागि विविध अवसर प्रदान गरिनेछ।
- निर्माणस्थलमा जाने प्राविधिकहरूलाई कामको आधारमा मूल्याङ्कन **(performance-based appraisal)** गरि फील्ड भत्ता र यातायातको सुविधा उपलब्ध गराइनेछ।
- ढुंगा, गिट्टी, बालुवा संकलन गर्दा वातावरणमा प्रतिकुल प्रभाव पर्न नदिन प्रारम्भिक वातावरणीय परीक्षण **(IEE)** सम्पन्न गरिएका खोलाहरुबाट मात्र नदीजन्य पदार्थ उत्खनन् गरिनेछ।
- गाउँपालिका क्षेत्रमा विकास निर्माणका लागि आवश्यक **IEE/EIA** कार्यान्वयनका लागि बातावरण संरक्षण नियमावली बमोजिम आवश्यक कानून तथा कार्यविधि निर्माण गरी कार्यान्वयनमा जोड दिइनेछ।

### ४.२. सिँचाइ

- खेतीयोग्य जमिनमा सिँचाइको प्रबन्ध गरिनेछ ।
- साना सिँचाइ कार्यक्रमलाई थप व्यवस्थित र जनमुखि बनाइनेछ।
- खेती योग्य जमिनमा सिँचाई सुविधा पुऱ्याउन कुलोहरुको निर्माण, मर्मत र हिउँदे पोखरीहरुको निर्माणकार्यलाई निरन्तरता दिइनेछ।

### ४.३ भवन तथा सहरी विकास

- विकास निर्माणमा प्रयोग हुने निर्माण सामग्री र कच्चा पदार्थको गाउँपालिकास्तरीय मापदण्ड तोकी पूर्वाधार विकासको गुणस्तर कायम गरिनेछ ।
- सार्वजनिक, सरकारी, गुठी, सामुदायिक र ऐलानी पर्ति जग्गाको अभिलेख राखि जग्गाको संरक्षण गरिनेछ ।
- गाउँपालिकाभित्र निर्माण गरिने सरकारी तथा निजी भौतिक संरचनाहरूको नक्सा पास कार्यलाई अभियानको रूपमा सञ्चालन गरिनेछ ।
- गाउँपालिकाभित्रको निजी तथा गुठी जग्गाहरुको सरकारी मूल्यमा पुनर्मूल्याङ्कन गरी राजश्वको दायरामा समेट्ने नीति अवलम्बन गरिनेछ।
- विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, वडा कार्यालयको भवन तथा अन्य भौतिक संरचनाहरूको निर्माण गर्दा बालश्रमको प्रयोगलाई शून्यमा झारिनेछ ।
- सडक, सरकारी भवन, बजार लगायतका भौतिक संरचना निर्माण र व्यवस्थित गर्ने प्रयोजनका लागि जग्गाको लगत सङ्कलन गरी लगत कट्टा गरिनेछ।

- विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर) तयार भएका योजनाहरुको निर्माण कार्यका लागि संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी आवश्यक बजेटको व्यवस्था गर्दै लगिनेछ।
- सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितात्मक विकास मार्फत गाउँपालिकाको अर्थतन्त्र सुदृढीकरण गरिनेछ ।

## ४.४ व्यवस्थित वस्ती विकास

- समुदायको अग्रसरतामा गरिने वस्ती विकासलाई प्रोत्साहित गरिने नीति लिइनेछ । व्यवस्थित बस्ती विकासका लागि छुट्टै गुरु योजना बनाई लागू गरिनेछ ।
- भूउपयोग ऐन, २०७६ तथा नियमावली, २०७९ अनुसार भूमिलाई वर्गीकरण गरी आवासीय क्षेत्र, औद्योगिक क्षेत्र, कृषि क्षेत्र, वन क्षेत्र, सिमसार क्षेत्र तोकिए बमोजिम भूउपयोग गर्ने कार्यको कार्यान्वयन गरिनेछ।

## ४.५. सञ्चार र प्रविधि

- इन्टरनेटको माध्यमले वडा कार्यालयहरुबाट प्रदान गरिने सेवालाई गाउँपालिकाको सूचना प्रणालीसँग आवद्ध गरी विद्युतीय अनुगमनको सुरुवात गरिनेछ । अनलाइन मार्फत सेवा प्रवाह गर्दै सूचना प्रवाहलाई प्रभावकारी बनाइनेछ ।
- गाउँपालिकाको सूचना प्रवाह र नागरिकको गुनासो व्यवस्थापन गर्न विद्युतीय नागरिक वडापत्र, सूचना पाटी तथा सामजिक सञ्जाल लगायतका सूचना प्रविधिको प्रयोगको उपभोग प्रतिशत बढाउन आवश्यक प्रबन्ध गरिनेछ।
- साइवर अपराध न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिकाको भौगोलिक, ऐतिहासिक, प्राकृतिक तथा साँस्कृतिक सौन्दर्यतालाई समेटेर एक वृत्तचित्र (Documentary) निर्माण गरिनेछ।
- दूरसञ्चार सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरी सबै वडा, गाउँबस्ती, बजार क्षेत्र, विद्यालय, कलेज, सरकारी कार्यालयहरुमा टेलिफोन, मोवाइल, इन्टरनेट सेवाको उपलब्धता बढाउन पहल गरिनेछ ।
- विद्यालयहरूमा डिजिटल शिक्षण विधि (Smart Class) प्रवाह गर्न कम्प्युटर, प्रोजेक्टर, इन्टरनेट लगायत प्रविधियुक्त सामग्रीको व्यवस्था गरिनेछ।
- गाउँपालिका स्तरीय डिजिटल आर्काइभ (डिजिटल अभिलेख) प्रणाली विकास गरी ऐतिहासिक, प्रशासनिक तथा विकास निर्माण सम्बन्धी दस्तावेजहरूको डिजिटल संरक्षण गरिनेछ।
- सञ्चार माध्यमहरूसँग सहकार्य गरी गाउँपालिकाका योजना, बजेट, निर्णय र सार्वजनिक सेवा सम्बन्धी सूचनाहरू नियमित रूपमा जनसमक्ष प्रस्तुत गरिनेछ।

- सूचना प्रविधिमा आधारित इ—गभर्नेन्स प्रणाली लागू गरी सेवाहरूलाई पारदर्शी, जवाफदेही र नागरिकमैत्री बनाइनेछ।
- QR कोड तथा डिजिटल पेमेन्ट प्रणालीलाई प्रोत्साहन गरी राजस्व संकलन, बिलिङ तथा सेवा दस्तुर भुक्तानी प्रणालीलाई प्रविधिमैत्री बनाइनेछ।
- गाउँपालिकाको प्रमुख सार्वजनिक स्थानहरूमा निःशुल्क Wi-Fi सेवा उपलब्ध गराउने नीति लिइनेछ (जस्तैः कार्यालय, विद्यालय, स्वास्थ्यचौकी, सार्वजनिक चौतारो आदि) ।
- सूचना प्रविधिमा आधारित युवाहरूलाई लक्षित स्टार्टअप वा उद्यमशीलता प्रवर्द्धनका लागि सघन तालिम र अनुदान कार्यक्रम ल्याइनेछ।
- गाउँपालिकाको सञ्चार सञ्जाललाई मजबुत पार्नका लागि आवश्यक परेमा सञ्जाल विस्तार तथा टावर निर्माणको पहल गरिनेछ।

### ४.६ विद्युत तथा वैकल्पिक ऊर्जा

- गाउँपालिकाको सुन्दरता र सुरक्षा व्यवस्थालाई सुदृढ गर्न सरकारी तथा अन्य सहयोगी निकायको सहयोगमा प्रमुख सडक तथा चोकहरुमा बत्ती जडान कार्यलाई निरन्तरता दिइनेछ।
- गाउँपालिका क्षेत्रभित्रका अव्यवस्थित विद्युतिकरणलाई व्यवस्थित गर्दै विद्युत नपुगेका सबै टोलबस्तीहरुमा राष्ट्रिय विद्युत ग्रीडसँग जोडिनेछ ।
- गाउँपालिकाको उच्च भूभागमा सोलार बत्ति तथा वायु ऊर्जा प्लान्ट जडानको सम्भाव्यता अध्ययन गरिनेछ।

## ५. सुशासन तथा संस्थागत विकास

### ५.१ सार्वजनिक सेवा प्रवाह

- कर्मचारीहरुको कार्यसम्पादन, कार्यवोझ, जिम्मेवारीलाई समेत मध्यनजर गरि जनताको सेवामा थप समर्पित, जागरुक र उत्प्रेरित गर्न कार्यसम्पादनको आधारमा यस गाउँपालिका मातहतमा कार्यरत कर्मचारीहरुलाई **कर्मचारी प्रोत्साहन कार्यविधि २०८२** बमोजिम समयानुकुल प्रोत्साहन रकम उपलब्ध गराउने नीति लिइनेछ ।
- कार्यप्रकृति, कार्यबोझ र औचित्यको आधारमा आवश्यक पर्ने जनशक्ति आँकलन सम्वन्धमा अध्ययन, अनुसन्धान र विश्लेषण गरी संगठन तथा व्यवस्थापन परीक्षण गराई कर्मचारीहरुको संख्यालाई उचित आकारमा राखिनेछ ।
- स्वीकृत दरबन्दिभित्रका रिक्त पदहरुमा पदपूर्तिको व्यवस्था मिलाइनेछ ।
- घर अपायक कर्मचारीहरूलाई आवास (क्वाटर) को व्यवस्था गरिनेछ।

- गाउँपालिकाको समग्र सार्वजनिक सेवा प्रवाहको गुणस्तर कायम गरी नागरिकप्रति जवाफदेही बनाउन प्रत्येक शुक्रवार **'नागरिकसँग अध्यक्ष भेटघाट कार्यक्रम'** सञ्चालन गरिनेछ ।
- गाउँपालिकामा नागरिक सहायता कक्ष र स्तनपान कक्ष स्थापना गरिनेछ।
- सार्वजनिक सेवा प्रवाहलाई नागरिकमैत्री बनाउन एकीकृत घुम्ती सेवा सञ्चालन गरिनेछ ।
- कार्यालयबाट नागरिकलाई उपलब्ध गराइने सेवा सुविधाको विस्तृत विवरण समावेश भएको नागरिक वडापत्र समायानूकल अद्यावधिक गरी लागु गरिनेछ ।
- निर्वाचित पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालनलाई निरन्तरता दिईनेछ ।
- पदाधिकारी एवं कर्मचारीको ज्ञान, सीप र क्षमता अभिवृद्धिका तालिम तथा असल अभ्यासहरुको अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।
- व्यक्तिगत घटना तथा सामाजिक सुरक्षा कार्यक्रमलाई व्यवस्थित पारदर्शी तथा जवाफदेही बनाउन विभिन्न वस्ती/टोलहरुमा दर्ता शिविर, अभिमुखीकरण तथा गुनासो सुनुवाइ सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- गाउँपालिका प्रवेश गर्ने मुख्य नाकाहरूमा नेपाल प्रहरी र नगर प्रहरीको समन्वयमा सुरक्षा पोष्टको सुदृढिकरण गरिनेछ।

## ५.२ राजश्व तथा वित्तीय व्यवस्थापन

- राजस्व प्रशासनलाई प्रविधिमैत्री बनाई राजस्व वृद्धिका लागि राजस्व सुधार कार्य योजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- चालु खर्चलाई निश्चित सीमामा राखी पूँजीगत खर्चमा अभिवृद्धि गरिनेछ ।
- जनतालाई करको भार महसुस नगराई, नीजि क्षेत्रको विकासमा बाधा नपुग्ने गरी प्रगतिशील कर प्रणालीको माध्यमद्धारा नागरिकहरुलाई अपनत्व हुने करका दरहरु निर्धारण गरिनेछ ।
- व्यवसायको पहिचान, दर्ता, अभिलेखीकरण र वर्गीकरण गरी व्यवसायलाई व्यवस्थित गर्न सफ्टवेयर प्रणालीमा आवद्ध गर्ने साथै वर्गीकरण र कारोवारको आधारमा व्यवसाय करको दर निर्धारण गरी राजश्व संकलन गरिनेछ ।
- गाउँपालिकालाई प्राप्त राजश्वका अधिकारसँग सम्वन्धित व्यक्तिगत सम्पत्तिहरू, व्यापार व्यवसायहरू, सेवा सुविधाहरू आदिको अभिलेख तयार गरी अद्यावधिक गरिनेछ।
- आम्दानी र खर्चलाई वर्गीकरण तथा लेखाङ्कन गरी आन्तरिक नियन्त्रण प्रणाली र लेखा परीक्षण प्रणालीलाई सफ्टवेयर प्रणालीमा आवद्ध गरिनेछ ।

- संघीयताको मूल मर्मलाई ध्यानमा राखी विकेन्द्रीकरणको सिद्धान्तलाई आत्मसात गर्दै प्रत्येक वडामा समानुपातिक प्रणालीको आधारमा सिलिङ मार्फत बजेट पठाउने नीतिलाई निरन्तरता दिइनेछ।
- गाउँपालिकामा सञ्चालित विकास निर्माण लगायत सबै कार्यक्रमको नियमित अनुगमन, प्रगति समीक्षा, समन्वयात्मक बैठक, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण मार्फत सुशासन अभिवृद्धिमा जोड दिइनेछ ।

## ५.३ बजेट निर्माण तथा कार्यान्वयन

गाउँपालिकाबासीहरुका असीमित आवश्यकता र मागलाई पूरा गर्न वडा कार्यालयहरुबाट पेश भएका योजनाहरुलाई एकीकृत गरी आयोजना बैंकको रुपमा राखिने र योजनाहरुको लागि आवश्यक थप रकम निकासाको लागि प्रदेश तथा संघीय सरकारमा माग गरिनेछ ।

अन्त्यमा, प्रस्तुत नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयनबाट यस गाउँपालिकाको दीर्घकालिन सोच **"हाम्रो परिकल्पना : समृद्ध दिप्रुङ चुइचुम्मा"**लाई पुरा गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । यस नीति, कार्यक्रम तथा बजेटको निर्माणमा प्रत्यक्ष र परोक्षरुपमा अमूल्य सुझाव एवम् सहयोग पुर्याउनु हुने वडाध्यक्ष एवं सदस्यज्यूहरु, सबै राजनीतिक दल, विषयगत समितिहरु, विषयगत शाखाहरु, सहकारी, संचारकर्मीलगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु सुरक्षा निकाय एवम् सरकारी, गैरसरकारी तथा सामाजिक संघ, संस्था, उद्योगी, व्यवसायी, नागरिक समाज तथा आम दिप्रुङ चुइचुम्मावासी आमा, बुवा दाजु भाइ तथा दिदीवहिनीहरु प्रति हार्दिक धन्यबाद र आभार प्रकट गर्दै यो नीति कार्यक्रम तथा बजेटको सफल कार्यान्वयनमा सबैको रचनात्मक सहयोगको अपेक्षासमेत गर्दछु ।

धन्यवाद !

**अरूणा थापा मगर**
**उपाध्यक्ष**
**दिप्रुङ चुइचुम्मा गाउँपालिका**
**२०८२ असार १० गते, मंगलबार।**